# सानीभेरी गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

☎ सम्पर्कः ९८५७८२४२५३
Email: sanibherimun@gmail.com


प. सं. : २०७६/०७७ मिति : २०७७/०३/१७

च. नं. : १६८१

श्री जिवन एण्ड जनक कन्स्ट्रक्सन प्रा.लि. सानीभेरी-१,रुकुम(पश्चिम)।

विषयः शिलबन्दी दरभाउपत्र स्वीकृत तथा सम्झौता सम्बन्धमा।

प्रस्तुत विषयमा यस कार्यालयबाट Construction of Boundary Wall in Bheridovan School Chainabagar Rukum(West) ठेक्का नम्बर SQ /SRM/03/076/077 सम्बन्धमा खुला शिलबन्दी दरभाउपत्र आव्हान गरी निर्माण कार्य खरीद गर्ने सम्बन्धमा मिति २०७७।०२।२६ गते राष्ट्रीयस्तरको हिमालय टाइम्स दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक दरखास्त परेका शिलबन्दी दरभाउपत्रहरु मिति २०७७।०३।०९ गते शिलबन्दी दरभाउपत्र खोल्न गठित समितिले शिलबन्दी दरभाउ पत्रदाताको प्रतिनिधि एवम् अन्य आमन्त्रित पदाधिकारीहरुको रोहबरमा खोली मूल्याङ्कन समितिमा पेश भई मूल्याङ्कन समितिले उक्त शिलबन्दी दरभाउपत्र हरुको प्राविधिक, आर्थिक तथा व्यापारिक पक्षको मूल्याङ्कन गरी दिएको प्रतिवेदनको आधारमा मिति २०७७।०३।१० गते शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भईसकेको छ।

सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ को उपदफा (३) मा शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरेको सात दिनभित्र कुनै शिलबन्दी दरभाउ पत्रदाताले उक्त ऐनको दफा ४७ बमोजिम निवेदन नगरेमा उपदफा (१) बमोजिम छनौट भएको शिलबन्दी दरभाउपत्र दाताको बोलपत्र स्वीकृत गरी निजलाई पन्ध्र दिनभित्र खरीद सम्झौता गर्नका लागि कार्यसम्पादन जमानत दाखिला गर्न सूचना दिनुपर्नेछ भन्ने कुरा उल्लेख भएको छ। तसर्थ शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचनामा उल्लेख भएको अवधि भित्र उक्त सूचना सम्बन्धमा कुनै निवेदन नपरेकोले कार्यालयबाट Construction of Boundary Wall in Bheridovan School Chainabagar Rukum(West) ठेक्का नम्बर SQ /SRM/03/076/077 मा मुल्य अभिवृद्धि कर बाहेक कबोल अंक रु.१६,२८,४३८.९०(अक्षरुपी सोर लाख अठ्ठाईस हजार चार सय अरतिस रुपैंया नब्बे पैंसा मात्र) भएको तपाइको शिलबन्दी दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही शिलबन्दी दरभाउपत्र भएकोले उक्त शिलबन्दी दरभाउपत्र स्वीकृत गरिएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (४) बमोजिमको कार्यसम्पादन जमानत रु.९५,०००(अक्षरुपी पन्चानब्बे हजार मात्र) दाखिला गरी ऐ. ऐनको दफा २७ को उपदफा (३) मा उल्लेख भएको अवधि भित्र सम्झौता गर्न आउनुहुन अनुरोध छ।

२०७७/०३/१७

भूपाल सिं विष्ट
प्रमुख प्रशासकीय अधिकृत

भूपाल सिं विष्ट
नि.प्रमुख प्रशासकीय अधिकृत